स्थानाय सरकार
Local Goverment

# गौर नगरपालिका

## Gaur Municipality

### नगर कार्यपालिकाको कार्यालय

### Office of the Municipal Executive

गौर, रौतहट
Gaur,Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh province,Nepal

पत्र संख्या/नक्सा Ref.No.:- २०८३/०८४
चलानी नं./Dispatch No.:- ९०४

मितिः- २०८३/०५/२४

## विषयः- भवन अभिलेखिकरण कार्य स्थगित गरिएको सूचना सम्बन्धमा ।

प्रस्तुत विषयको सम्वन्धमा भूमि व्यवस्था, सहकारी, सङ्घीयय मामिला तथा समान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौ (स्थानिय तह समन्वय शाखा) को च.नं. ४४४ मिति २०८३/०२/०४ गतेको को पत्र साथ संलग्न शहरी विकास मन्त्रालय सिंहदरवार काठमाण्डौंको च.नं. २४७५ मिति २०८३/०१/२३ गतेको पत्रमा भवन निर्माण सुद्दढिकरण समितिको निर्णयहरु तपसिल बमोजिम रहेको छ ।

तपशिल (वैठकका निर्णहरु)

१. नेपालका विभिन्न स्थानीय तहहरुमा कार्यरत प्राविधिकहरुले आफै तथा आफना मातहतका इन्जिनियरिङ्ग कन्सल्टेन्सीवाट नक्सा तयार गर्ने/गराउने, आफै साइट निरिक्षण गर्ने तथा आफै सम्पन्न प्रमाणित गर्ने प्रवृत्ति देखिएको र यसले निर्माणको गुणस्तर घटाई संरचनात्मक रुपमा कमजोर भवन निर्माण हुने जोखिम वढाएको हुनाले सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाई एकै व्यक्तिले नक्सा पास र सम्पन्न प्रमाणपत्र जारी नगर्नु नगराउनु हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सवै स्थानीय तहहरुलाई परिपत्र गर्न अनुरोध गर्ने ।

२. सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रुपमा कार्यन्वयन हुन असुरक्षित र नियम विपरितका भवनहरुलाई अभिलेखिकरण गर्ने कार्य तत्काल रोक्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई परिपत्र गर्ने ।

३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को स्व-मुल्याङ्कन विषयक्षेत्रमा राष्ट्रिय भवन संहिता लागु गरि घर वा भवनको नक्सा पास गर्ने कार्यको अंकभार वृद्धिगराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्रचार गर्ने ।

अतः उल्लेखित निर्णय अनुसार यस कार्यालयवाट साविकमा भईरहेको भवन अभिलेखिकरण कायको अर्को व्यावस्था नभए सम्म भवन अभिलेखिकरण कार्य स्थगन गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८३/०५/२४

विष्णु प्रसाद पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :- ०५५-५२०२९४ (नगर प्रमुख), ५२०८९३ (उप-प्रमुख), ५२०८९४ (आर्थिक प्रशासन शाखा), ५२०३२४ (वारुण यन्त्र)
www.gaurmun.gov.np ,Email :- info@gaurmun.gov.np , gaurnapa@gmail.com , ito@gaurmun.gov.np
"हाम्रो अभियान समृद्ध,विकास र गौर नगरको श्रेष्ठ पहिचान"

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, गरिबी निवारण, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ४४४

मितिः २०८३/०२/०४

नेपाल संवत् ११४६

विषयः भवन निर्माण व्यवस्था सुदृढीकरण समितिका निर्णयहरु कार्यान्वयन सम्वन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

शहरी विकास मन्त्रालयको प.सं. २०८२/०८३, च.नं. २४७५, मिति २०८३/०१/२३ को भवन निर्माण व्यवस्था सुदृढीकरण समितिका निर्णयहरु कार्यान्वयनका सम्वन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२/४

.....................

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः**

श्री शहरी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः पत्र इमेल गरिदिनुहुन र वेवसाइटमा समेत अपलोड गरिदिनुहुन।

नेपाल सरकार

# शहरी विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

श्री स्था.तह स.शाखा

प.सं. :- ०८२/८३

च.नं. :- २४७५

मिति :- वि.सं. २०८३/०१/२३

**ने.स.** :- ११४६ वछलाग.४ बुधवार

विषय: भवन निर्माण व्यवस्था सुदृढिकरण समितिको निर्णयहरु कार्यन्वयनका लागि सबै स्थानीय तहहरुमा परिपत्र गरिदिने सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमांडौ

प्रस्तुत विषयमा भवन ऐन, २०५५ को दफा '३' बमोजिमको भवन निर्माण व्यवस्था सुदृढिकरण समितिको मिति २०८२/१२/२७ गते बसेको १९ औ बैठकमा भवन निर्माण सम्बन्धि कार्यलाई थप व्यवस्थीत, सुदृढ एवं गुणस्तरीय बनाउनका लागि स्थानीय तहहरुसँग सम्बन्धित तपशिल अुसारका निर्णयहरु भएकोले उक्त निर्णयहरु कार्यान्वयनका लागि सबै स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन यस मन्त्रालयको मिति 2083/01/22 को सचिवस्तरीय निर्णयानुसार अनुरोध गर्दछु ।

**तपशिल (बैठकका निर्णयहरु)**

१. नेपालका विभिन्न स्थानीय तहहरूमा कार्यरत प्राविधिकहरूले आफै तथा आफ्ना मातहतका इन्जिनियरिङ्ग कन्सल्टेन्सी बाट नक्सा तयार गर्ने/गराउने, आफै साइट निरीक्षण गर्ने तथा आफै सम्पन्न प्रमाणित गर्ने प्रवृत्ति देखिएको र यसले निर्माणको गुणस्तर घटाई संरचनात्मक रूपमा कमजोर भवन निर्माण हुने जोखिम वढाएको हुनाले सो सम्बन्धमा आवश्यक ब्यवस्था मिलाई एकै व्यक्तिले नक्सा पास र सम्पन्न प्रमाणपत्र जारी नगर्नु नगराउनु हुन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई परिपत्र गर्न अनुरोध गर्ने।

२. सबै स्थानीय तहमा राष्ट्रिय भवन संहिताको अनिवार्य रूपमा कार्यान्वयन हुन, असुरक्षित र नियम विपरितका भवनहरूलाई अभिलेखिकरण गर्ने कार्य तत्काल रोक्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई परिपत्र गर्ने ।

3. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को स्व-मुल्याङ्कन विषयक्षेत्रमा "राष्ट्रिय भवन संहिता लागु गरि घर वा भवनको नक्सा पास गर्ने" कार्यको अंकभार वृद्धिगराउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्रचार गर्ने।